निर्वाचन आयोग, नेपाल
ELECTION COMMISSION, NEPAL

प.सं. च.नं./Ref:

# प्रेस विज्ञप्ति

मिति : २०७६/७/३

निर्वाचन आयोग नेपाल २०२३

काठमाडौं, कार्तिक ३ ।

सम्माननीय प्रधानमन्त्री के.पी. शर्मा ओलीज्यू समक्ष यहि २०७६ साल मंसिर १४ गते सम्पन्न हुन गइरहेको प्रतिनिधि सभा सदस्य, प्रदेश सभा सदस्य र स्थानीय तह उपनिर्वाचन व्यवस्थापनका विविध विषयमा निर्वाचन आयोगका माननीय प्रमुख निर्वाचन आयुक्त दिनेश कुमार थपलिया, माननीय निर्वाचन आयुक्त नरेन्द्र दाहाल र माननीय निर्वाचन आयुक्त इश्वरी प्रसाद पौड्यालले आज मिति २०७६ साल कार्तिक ३ गते आइतबार भेटघाट गर्नु भई छलफल गर्नुभयो ।

उक्त अवसरमा आगामी २०७६ साल मंसिर १४ गते शनिबार सम्पन्न हुने प्रतिनिधि सभा सदस्य, प्रदेश सभा सदस्य र स्थानीय तह उपनिर्वाचन सम्बन्धी समग्र व्यवस्थापन, मतदाता नामावली, मतदाता परिचयपत्र, सुरक्षा व्यवस्थापन, निर्वाचन चिन्ह, मतदान केन्द्र, मुख्य निर्वाचन अधिकृत/निर्वाचन अधिकृतको नियुक्ति, निर्वाचन अधिकृतको कार्यालय स्थापना र सञ्चालन, संविधानको धारा, २७१ बमोजिम दल दर्ता, उपनिर्वाचनका लागि आवश्यक ऐन, नियम, कार्यविधि, निर्देशिका लगायत सम्पूर्ण तयारीका विषयमा सम्माननीय प्रधानमन्त्रीज्यूलाई जानकारी गराइयो ।

सम्माननीय प्रधानमन्त्रीज्यूबाट २०७६ साल मंसिर १४ गते सम्पन्न हुने उपनिर्वाचनलाई स्वच्छ, स्वतन्त्र र निष्पक्ष रूपमा सम्पन्न गर्न आयोगबाट भएको तयारी सन्तोषजनक रहेको साथै नेपाल सरकारको तर्फबाट आयोगलाई पूर्ण सहयोग रहने प्रतिबद्धता व्यक्त गर्नुभयो ।

०७६।७।३

(राजकुमार श्रेष्ठ)
सहसचिव एवं प्रवक्ता

"स्वतन्त्र र निष्पक्ष निर्वाचनः राष्ट्रको गौरव
"Free and Fair Election: Pride of Nation"
कान्तिपथ, काठमाडौं, नेपाल, फोन नं.: (९७७-१) ४२२८६६३ । फ्याक्सः (९७७-१) ४२२९२२७
Kantipath, Kathmandu, Nepal, Tel: (977-1) 4228663, Fax: (977-1) 4229227
E-mail: info@election.gov.np, Website: www.election.gov.np